# प्रेस विज्ञप्ती

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको मिति २०७२।१२।१७ गते बसेको वैठकवाट वैदेशिक रोजगारमा जानेहरुको म्यादी जीवन बीमाको बीमाङ्क वृद्धि र प्रिमियम लगायतका विषयमा गर्नुपर्ने परिमार्जन सम्वन्धमा देहाय बमोजिम निर्णय भएको व्यहोरा सरोकारवाला सवैमा जानकारीका लागि अनुरोध छ ।

"वैदेशिक रोजगार ऐन २०६४ को दफा (२६) बमोजिम गर्ने गरिएको बीमकको बीमाङ्क रकम" का सम्बन्धमा छलफल गर्दा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको मिति २०७२।१०।१४ को वैठकले वैदेशिक रोजगारमा जाने कामदारले वैदेशिकि रोजगार ऐनको दफा २६ बमोजिम गर्नुपर्ने म्यादी जीवन बीमाको बीमाङ्क रु पाँच लाख रहदै आएकोमा यसलाई वृद्धि गरि रु १० लाख बनाउनका लागि प्रिमियम लगायतका विषयमा गर्नुपर्ने परिमार्जन सम्वन्धमा आवश्यक गृहकार्य गर्न गठित समितिले पेश गरेको प्रतिवेदन समेतका आधारमा छलफल गरि देहाय बमोजिम हुने निर्णय गरिएको थियो ।

क) बीमाङ्क रकमलाई शत प्रतशत वृद्धि गरी १० लाख बनाउने र यसका लागि विगतको प्रिमियममा ६५ प्रतिशत मात्र वृद्धि गर्ने ।

ख) वैदेशिक रोजगारमा जान चाहने व्यक्तिले करार अवधि भन्दा कम्तीमा छ महिना थप समय रहने गरि बीमा गर्नुपर्ने ।

ग) यस व्यवस्थालाई २०७३ वैशाख १ बाट कार्यान्वयनमा ल्याउन बीमा समितिसँग अनुरोध गरिएको ।

घ) वैदेशिक रोजगारमा बीमा गराउनका लागि बीमा अभिकर्ताको आवश्यकता नपर्ने भएकाले बीमा अभिकर्ता कमिशन नदिने व्यवस्थागर्नका लागि बीमा नियमावली २०४९ को अनूसूची ११ संसोधनको प्रक्रिया अघि वढाउन बीमा समितिलाई अनुरोध गरिएको ।

ङ) बीमा नियमावली २०४९ को संसोधन भए पछि सोही बमोजिम कार्यदलको सिफारिश बमोजिम हाल कायम प्रिमियम घटाई ४५ प्रतिशत कायम हुनेगरी कार्यान्वयनमा ल्याउने ।

यसवाट बीमा गर्ने व्यक्तिले बीमा वापतको रकम १००% वृद्धि सहित प्राप्त गर्ने र मृतकको हकमा शव ल्याउने खर्च, काजक्रिया खर्च समेत गरी कम्तिमा १४ लाख बराबर क्षतिपूर्ति प्राप्त गर्नेछ । यसले कामदार र उसको आफन्तलाई महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्रिमियमको विवरण निम्न बमोजिम रहेको छ ।

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय
बानेश्वर, काठमाडौं

## २.५.५ बीमाशुल्कमा ६५ प्रतिशत थप गरी बीमाङ्क तथा अन्य सुविधा दोब्बर गर्दा ।

हाल कायम रहेको वैदेशिक रोजगार (म्यादी) जीवन बीमामा बीमाशुल्क ६५ प्रतिशत थप गरी बीमाङ्क तथा अन्य सुविधा दोब्बर गर्दा बीमितले भुक्तानी गर्नुपर्ने बीमाशुल्क निम्न बमोजिम हुन आउँछः

हालको बैदेशिक रोजगार (म्यादी) जीवन बीमालेखमा पैसठ्ठी प्रतिशत (६५%) बीमाशुल्क थप गर्दा हुने बीमाशुल्क

(रुपैया)

| बीमा अवधि | | उमेर समुह | | | |
|---|---|---|---|---|---|
| | | १८ वर्ष देखि ३५ वर्ष सम्म | ३६ वर्ष देखि ५० वर्ष सम्म | ५१ वर्ष देखि ६४ वर्ष सम्म | ६५ वर्ष भन्दा माथि |
| १ वर्षे बीमालेखमा अवधि थप गर्दा | १ वर्ष ३ महिना | २०२१ | २८८८ | ६३९४ | कामदार र रोजगारदाता बीचको करार अवधिलाई मूल बीमा अवधि मानी बीमकले निर्धारण गरेको बीमाशुल्कको आधारमा समानुपातीक दरले हिसाव गरी थप अवधिका लागि एकमुष्ट बीमाशुल्क लिनु पर्नेछ । |
| | १ वर्ष ६ महिना | २३५१ | ३३०० | ७०१३ | |
| | १ वर्ष ९ महिना | २६८१ | ३७१३ | ७६३१ | |
| | २ वर्ष | ३०११ | ४१२५ | ८२५० | |
| | | | | | |
| २ वर्षे बीमालेखमा अवधि थप गर्दा | २ वर्ष ३ महिना | ३२६० | ४४९६ | ८९१० | |
| | २ वर्ष ६ महिना | ३५१० | ४८६८ | ९५७० | |
| | २ वर्ष ९ महिना | ३७५९ | ५२३९ | १०२३० | |
| | ३ वर्ष | ४०१० | ५६१० | १०८९० | |
| | | | | | |
| ३ वर्षे बीमालेखमा अवधि थप गर्दा | ३ वर्ष ३ महिना | ४२६५ | ५९४० | ११५९१ | |
| | ३ वर्ष ६ महिना | ४५२१ | ६२७० | १२२९३ | |
| | ३ वर्ष ९ महिना | ४७७७ | ६६०० | १२९९४ | |
| | ४ वर्ष | ५०३३ | ६९३० | १३६९५ | |
| | | | | | |
| ४ वर्षे बीमालेखमा अवधि थप गर्दा | ४ वर्ष ३ महिना | ५२३९ | ७२१९ | १४३९६ | |
| | ४ वर्ष ६ महिना | ५४४५ | ७५०८ | १५०९८ | |
| | ४ वर्ष ९ महिना | ५६५१ | ७७९६ | १५७९९ | |
| | ५ वर्ष | ५८५८ | ८०८५ | १६५०० | |
| | | | | | |
| ५ वर्षे बीमालेखमा अवधि थप गर्दा | ५ वर्ष ३ महिना | ६०२३ | ८४५६ | १७१६० | |
| | ५ वर्ष ६ महिना | ६१८८ | ८८२८ | १७८२० | |
| | ५ वर्ष ९ महिना | ६३५३ | ९१९९ | १८४८० | |
| | ६ वर्ष | ६५१८ | ९५७० | १९१४० | |